# मरिण राजपत्र

**मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ७ मरिण, असार २६ गते, २०८१ साल संख्या ५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(१) बमोजिम मरिण गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग १

## मरिण गाउँपालिकाको बजार व्यवस्थापन ऐन, २०८१

**प्रस्तावना :** नेपालको संबिधानल स्थानीय तहलाई प्रदान गरेको अधिकारलाई प्रयोग गरी स्थानीय बजारलाई व्यवस्थित गर्दै गाउँवासी जनताका दैनिक उपभोग्य वस्तुहरु, घरायसी प्रयोगका वस्तुहरु सर्वसुलभ ढंगले बिक्री वितरण र खरिद गर्न सक्ने बनाउनु, बजारलाई सफा, सुग्घर, सुन्दर राख्ने काम सहज बनाउन, बजारमा गुणस्तरीय मालसामानको आपूर्ति प्रणालीलाई व्यवस्थित गरी मानव हितका लागि उपयोगी बनाउन, तिनको गुणस्तरको मापन गरी गुणस्तर नियन्त्रण गर्नुपर्ने आवश्यकता भएकाले नेपालको सबिधान धारा २२६ को कानुन बनाउन पाउने अधिकार र व्यवस्थापकीय अधिकार २२१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) का साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ञ ले दिएको अधिकार प्रयोगगरी गाउँपालिकाद्वारा स्थानीय बजार व्यवस्थापन ऐन, २०८१ निर्माण गरिएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

**१) सक्षिप्त नाम र प्रारम्भ :** यस ऐन को नाम "स्थानीय बजार व्यवस्थापन ऐन, २०८१" हुनेछ।

२) यो ऐन गाउँ कार्यपालिकाको गाउँ सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

**३. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"तोकिएको ठाउँ"** भन्नाले गाउँ कार्यपालिकाले व्यापार, व्यवसाय, उद्योग सचालन गर्नका लागि निर्धारण गरेको स्थानलाई जनाउनेछ।

(ख) **"तोकिएको विवरण"** भन्नाले गाउँ कार्यपालिकाले पसल स्थापना गर्दा बिक्री गर्न अनुमति प्रदान गरेको विषयलाई जनाउनेछ।

(ग) **"अनुगमन समिति"** भन्नाले यसै ऐन को दफा ११ (१) बमोजिम गठन भएको बजार अनुगमन गर्ने समितिलाई सम्झनु पर्दछ।

(घ) **"नामसारी"** भन्नाले विधिवत रुपमा एउटा व्यक्ति र कम्पनी वा फर्मका नाममा दर्ता भएकोमा अर्को व्यक्तिका नाममा हक हस्तान्तरण भई जाने प्रक्रियालाई जनाउनेछ।

(ङ) **"प्रतिवन्धित"** भन्नाले कानूनले मान्यता नदिएको स्थान, खाद्य पदार्थ र औषधि विषादीलाई सम्झनु पर्नेछ।

(च) **"कालो बजारी"** भन्नाले खाद्यान्न र घरायसी प्रयोगका औषधिजन्य वस्तुहरु कृत्रिम अभाव खडा गरी कानूनले तोकेको नाफाभन्दा बढी मूल्य लिई वा अन्य व्यवसायी तथा दैनिक उपभोगलाई प्रभावित गर्ने गरी विक्री गरिने कार्यलाई सम्झनु पर्दछ।

(छ) **"व्यवसाय"** भन्नाले ब्यक्तिगत, सामुहिक तथा साझेदारीको रुपमा कम्पनी, फर्म वा संस्था दर्ता गरी सो मार्फत यो ऐन तथा अन्य प्रचलित कानून बमोजिम गरिने सबै प्रकारका उत्पादनमूलक उद्योग, माल सामान खरिद विक्री गर्ने, थोक तथा खुद्रा पसलहरु, होटल, सेवामूलक तथा स्वास्थ्यमूलक क्लिनिक, औषधी पसलहरु तथा अस्पतालहरु, फलफूल, तरकारी तथा मासुजन्य उत्पादन तथा विक्री वितरण गर्ने कार्यलाई जनाउँछ।

## परिच्छेद-२
## दर्ता नामसारी, दर्ता खारेजी र स्थान निर्धारण

**४. दर्ता सम्बन्धी प्रक्रिया :** (१) गाउँ कार्यपालिका भित्र कुनै पनि प्रकारका उद्योग, स्वास्थ्य क्लिनिक, अस्पताल, व्यापार व्यवसायहरु तथा सेवा प्रदायक व्यवसायहरु गाउँपालिकाको स्वीकृति र दर्ता बिना सञ्चालन गर्न पाइने छैन ।

(२) उद्योग, धन्दा, पसल स्वास्थ्य क्लिनिक वा अन्य व्यवसाय गर्ने व्यक्ति, फर्म, कम्पनीले दर्ताको तोकिएको ढाँचाको आवेदन फाराम भरी पेश गर्नुपर्ने छ ।

(३) यसरी पेश भएको फाराम उपर सम्बन्धित अधिकारीले छानविन गरी दर्ता गर्न मिल्ने भए दर्ता गरी दर्ताको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ । यदि गाउँपालिकामा उद्योग वाणिज्य संघ वा निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था भएमा सो संस्थाको सिफारिस अनिवार्य हुनेछ । साथै नामसारी, कारोबार परिवर्तन, ठेगाना परिवर्तन गर्नु परेमा पनि उद्योग वाणिज्य क्षेत्रको प्रतिनिधिमूलक संस्था भएमा सोको सिफारिस अनिवार्य हुनेछ ।

(४) दर्ता गर्न नमिल्ने भएमा कारण सहित जानकारी गराउनु पर्नेछ ।

**५. तोकिएको ठाँउ र तोकिएको विवरण बाहेकमा व्यवसाय सञ्चालन र विक्री वितरण गर्न बन्देज :** सामान्यतया सामानको अवस्था, त्यसले पार्ने वातावरणीय प्रभाव, ट्राफिक व्यवस्था, फोहरमैला उत्पादन, मानव स्वास्थ्यमा पार्ने असर जस्ता विषयलाई मध्यनजर गरी खास प्रकारका उपभोग्य तथा व्यवसायिक सामान बिक्री वितरण गर्न पाइने भन्ने विषय तोकिए बमोजिम हुनेछ ।

**६. दर्ता नवीकरण :** गाउँ कार्यपालिकाबाट दर्ता गरिएका उद्योग व्यवसाय तोकिए बमोजिमको शूल्क लिई नियमित रुपमा नवीकरण गर्नु पर्नेछ । तर विदेशी नागरिकको हकमा व्यवसाय सञ्चालन अनुमति दिंदा दर्ता र नवीकरण शूल्क फरक हुन सक्नेछ ।

**७. दर्ता खारेजी :** (१) देहायको अवस्थामा कुनै पनि फर्म, कम्पनी, उद्योग, व्यवसाय, क्लिनिक, पसलको दर्ता खारेज गरी सार्वजनिक सूचना मार्फत जानकारी गराइनेछ :

(क) लगातार ३ (तीन) बर्षसम्म नवीकरण नगरेमा,

(ख) दर्ता गरिए अनुसार काम नगरेमा,

(ग) पटक-पटक सचेत गराउँदा पनि म्याद नाघेका बस्तु बिक्री वितरण गरेको पाइएमा,

(घ) दर्ता गरेको १ (एक) वर्ष भित्रमा पनि व्यवसाय र उद्योग सञ्चालन नगरेमा,

(ङ) तोकिएको स्थानभन्दा अन्य ठाँउमा पूर्वस्वीकृति नलिई व्यवसाय सञ्चालन गरेमा,

(च) दर्ता गरेको व्यवसाय भन्दा फरक प्रकृतिको व्यवसाय संचालन गरेमा ।

(२) दर्ता खारेजी गर्नुअघि सुनुवाइको मौका प्रदान गरिनेछ ।

८. **नामसारी :** कुनै पनि पसल व्यवसाय, उद्योग, बिक्री गरी वा सो सञ्चालक वा प्रोपाइटरको निधन भई नामसारी गर्नु पर्ने भएमा तोकिएको ढाँचामा फाराम भरी नामसारीको आवेदन गर्नु पर्नेछ । यसरी आएको आवेदन उपर छानविन र अध्ययन गरी अधिकार प्राप्त अधिकारीले नामसारी गरी दिनु पर्नेछ । तर नियमित नवीकरण नगरिएको र तोकिएको स्थानमा व्यवसाय सञ्चालन नगरेको फर्म, पसल, क्लिनिक, कम्पनी वा उद्योग व्यवसायलाई नामसारी गरिने छैन ।

९. **उद्योग, पसल, फर्म, स्वास्थ्य क्लिनिक वाव्यवसायको लागि स्थान निर्धारण :** (१) सामान्यतया गाउँ कार्यपालिकाले पसल, उद्योग, व्यवसाय, क्लिनिक अस्पताल सञ्चालनका लागि स्थान निर्धारण गरिनेछ । स्थान निर्धारण गर्दा सम्भव भएसम्म एकै प्रकारका फर्म, पसल, क्लिनिक, कम्पनी र उद्योग व्यवसायलाई एकै ठाँउमा सञ्चालन गर्न अनुमति दिइने छ ।

(२) स्थान निर्धारण प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) समिति गठन गरी त्यसको प्रतिवेदनको आधारमा स्थानको छनौट गरिनेछ ।

(ख) स्थान निर्धारण गर्दा ध्यान दिनु पर्ने कुराहरु बिद्युत, पिउने पानी, शौचालय, फोहोरमैला व्यवस्थापन, सुरक्षा प्रबन्ध, बाटो घाटो विपद व्यवस्थापन विषयलाई मध्यनजर गरिनेछ ।

(ग) गाउँपालिकाको भूउपयोग नीति तथा योजनालाई समेत स्थान निर्धारणको आधार मानिने छ ।

१०. **उद्योग/फर्म/पसल सञ्चालनमा प्रतिबन्ध :** (१) निम्न स्थानमा निम्न अनुसारका पसल, उद्योग, फर्म, सञ्चालन गर्न अनुमति दिइने छैन :

क. मठ मन्दिर, सार्वजनिक तथा धार्मिक स्थल आसपास ३०० मिटरभित्र ग्रिल उद्योग, फर्निचर उद्योग, ठूलो आवाज आउने व्यवसायहरु/फर्महरु सञ्चालन गर्न र ५० मिटरभित्र धुमपान, मद्यपान, मदिरा, माछा मासु पसलहरु, व्यवसायहरु/फर्महरु सञ्चालन गर्न पाइने छैन ।

ख. अस्पतालको ३०० मिटर आसपास ग्रिल उद्योग, फर्निचर उद्योग, ठूलो आवाज आउने व्यवसायहरु र ५० मिटर आसपास मद्यपान, मदिरा, माछा मासु पसलहरु राख्न पाइने छैन ।

ग. बिद्यालयको ५० मिटर आसपास धुम्रपान, मद्यपान, मदिरा, माछा मासु पसलहरु र २०० मिटर आसपास ग्रिल उद्योग, फर्निचर उद्योग एंव ठूलो आवाज आउने व्यवसायहरु राख्न पाइने छैन ।

घ) खुल्ला रुपमा पशुपन्छी वध गर्न पाइने छैन । गाउँपालिकाले सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिएको वधशाला वा मापदण्ड अनुसारका अन्य वधशालामा मात्र व्यवसायिक प्रयोजनका लागि पशुपक्षीको वध गर्न पाइने छ ।

(२) मन्दिर अस्पताल वा विद्यालय आसपास अनुमति नलिई उल्लिखित कार्य गरे कारबाही हुनेछ ।

(३) बैंक, वित्तीय सस्था, ठूला सपिङ्ग महलहरुले व्यवसाय सञ्चालन गर्दा पाकिङ्को अनिवार्य व्यवस्था गरेको हुनुपर्दछ ।

## परिच्छेद-३

## अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकार

**११. अनुगमन समिति गठन सम्बन्धी व्यवस्थाः** (१) बजारलाई नियमित अनुगमन गर्न गाउँ कार्यपालिकाले निम्न अनुसारको प्रतिनिधत्व हुने गरी बजार अनुगमन समिति गठन गर्ने छ :

क) संयोजक : गाउँपालिकाको उपाध्यक्ष १ जना

ख) सदस्य : गाउँ कार्यपालिकाले तोकेको गाउँ कार्यपालिका सदस्यहरु २ जना

ग) सदस्य : स्थानीय उद्योग वाणिज्य संघ, व्यापार संघ वा निजी क्षेत्रका प्रतिनिधि १ जना

घ) सदस्य : ईलाका प्रशासन कार्यालय प्रमुख वा प्रतिनिधि १ जना

ङ) सदस्य : सम्वन्धित विषय विज्ञ १ जना

च) सदस्य : नागरिक समाज प्रतिनिधि १ जना

छ) सदस्य : पत्रकार मध्ये १ जना

ज) सदस्य : नेपाल सरकार नाप तौल तथा गुणस्तर मापन कार्यालयका प्रतिनिधि १ जना

झ) सदस्य : इलाका प्रहरी कार्यालय प्रमुख वा प्रतिनिधि १ जना

ञ) सदस्य सचिव : गाउँपालिकाले तोकेको कर्मचारी १ जना जम्मा ११ जना

**१२. बजार अनुगमन समितिको कार्यकाल :** अनुगमन समितिको कार्यकाल २ वर्षको हुनेछ । गाउँपालिकाले उचित ठानेमा सोही समितिलाई अर्को एक कार्यकाल थप गर्न सक्नेछ । तर समितिको संयोजक २ कार्यकालभन्दा बढी दोहोरिन पाइने छैन ।

**१३. बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-** (१) बजारको समग्र पक्षहरु व्यापार, पसल, व्यवसाय, उद्योग धन्दा, कल कारखानाको नियमित अनुगमन गर्ने,

(२) अनुगमनमा देखिएका कमी कमजोरीहरुका हकमा सचेत मात्र गर्नुपर्ने भए तत्काल लिखित रुपमा सचेत गराउने

(३) दर्ता खारेजी, दण्ड जरिवाना गर्नुपर्ने भएमा जरिवानाको किसिम, बिगो रकम समेत खोली गाउँपालिका अध्यक्ष मार्फत गाउँपालिकामा सिफारिस गर्ने,

(४) कमि कमजोरी सच्याउन निर्देशन गर्ने,

(५) प्रत्येक पटकको अनुगमन प्रतिवेदन गाउँपालिकामा पेश गर्ने,

(६) बजार थप व्यवस्थित गर्ने कार्ययोजना बनाई गाउँपालिकामा पेश गर्ने ।

**१४. अनुगमन क्षेत्र र विषय :** अनुगमन समितिले तपसिलका बिषयमा अनुगमन गर्नु पर्नेछ :

(क) बजारमा बेचबिखन गरिने उपभोग्य तथा व्यवसायिक सामान, खाद्य पदार्थको गुणस्तर,

(ख) खाद्यान्न, पेय पदार्थ, औषधिहरुको उपयोग गर्ने समय सीमा,

(ग) प्रतिवन्धित औषधि, विषादी विक्री तथा प्रयोग,

(घ) निर्धारित मूल्य सूची,

(ङ) प्रतिबन्धित ठाँउमा राखिएका र खोलिएका पसलहरु,

(च) फुटपाथ वा नाङ्लो, टोकरी, ठेला आदिमा बिक्री गरिने खाद्य पदार्थको गुणस्तर,

(छ) गाउँ कार्यपालिकाद्वारा अनुमति प्रदान गरेका उत्पादित पेय तथा खाद्य पदार्थको गुणस्तर,

(ज) उपभोग्य तथा व्यवसायिक सामानको अभाव, कालो बजारी आदि,

(झ) खाद्य पदार्थको उपयोग समय सीमा(दर्ता, सूचीकृत तथा नवीकरण)

(ञ) प्रत्येक उत्पादित सामानमा प्रत्येक समयको उपभोग्य मिति प्रष्टसँग उल्लेख गरिएको हुनुपर्नेछ,

(ट) वातावरणीय प्रभाव तथा सरसफाइ ।

**१५. अनुगमन प्रक्रिया :** १) सामान्यतया अनुगमनका लागि निम्न तरिका अवलम्बन गरिने छ :

क. खुल्ला अनुगमन : सार्वजनिक जानकारी गरी वा विना जानकारी गरिने

ख. गोप्य अनुगमन : जुनसुकै बखत जानकारी नगराईकन गर्न सकिने

ग. आकस्मिक अनुगमन : आवश्यकता अनुसार जुनसुकै समयमा पनि, जानकारी गराई वा नगराई गर्न सकिने

**१६. गोपनियता :** अनुगमन गर्दा प्राप्त भएका सुधारात्मक पक्षहरु व्यक्ति, पसल, फर्म, कम्पनी, उद्योग व्यवसायको नाम नतोकी सर्वसाधारणको जानकारीका लागि कुनै पनि सञ्चार माध्यमबाट सार्वजनिक गर्न सकिनेछ । तर गाउँ कार्यपालिकाद्वारा कारवाही गरिएका, दर्ता खारेज गरिएका, जरिवाना गरिएकाहरुको हकमा भने समाचारको रुपमा वा सूचनाको रुपमा सार्वजनिक गर्न सकिने छ ।

**१७. अनधिकृत रुपमा सूचना चुहावट गर्न नहुने :** बाहिर सार्वजनिक रुपमा सूचना दिने भनिएका विषय बाहेक अरु कुनै पनि सूचना चुहावट गर्न पाइने छैन । कसैप्रति पूर्वाग्रह लिने, अनुचित लाभ लिने वा कसैलाई फाइदा हुनेगरी वा नाफाघाटा हुनेगरी सूचना चुहावट गरेमा त्यस्ता व्यक्तिलाई यसै ऐन अनुरुप कारवाही हुनेछ ।

**१८) अनुगमनको मुचुल्का तथा अभिलेख :**

(१) अनुगमन गर्दा देखिएका कमी कमजोरीहरुको अभिलेख (सूची) तयार गर्नुपर्दछ । म्याद नाघेका माल सामान, खाद्य पदार्थ तथा औषधिहरु, मिसावट भएका खाद्य पदार्थहरु, प्रतिबन्धित औषधि, गुणस्तरहीन खाद्य पदार्थहरुको अलग अलग मुचुल्का बनाउनु पर्छ । मुचुल्काको साथमा त्यस्ता बस्तुको तस्वीर र भिडियो समेत लिनु पर्नेछ । अनुगमनका लागि तोकिएको फाराम अनुसूची-१ बमोजिम हुनेछ ।

(२) उल्लेखित कार्य नगरेको भनी व्यवसायीले जिकिर गरेमा जाँच वा प्रमाणका लागि चाहिने अवश्यक मात्रा राखी त्यसको छुट्टै मुचुल्का खडा गरी जाँच गनुपर्ने भएमा सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(३) निर्विवाद रुपमा नष्ट गनुपर्ने देखिएका दफा १८ (क) बमोजिमका बस्तुहरु प्रहरी तथा सम्भव भए सम्म वाणिज्य सघका प्रतिनिधि र भद्रभलाद्मीको उपस्थितिमा नष्ट गर्नु पर्नेछ । तर विवादित वस्तुहरु जाँच भई नआएसम्म नष्ट गर्न पाइने छैन ।

(४) अनुगमनका लागि मुचुल्काको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

**१९. अनुगमनको स्टिकर :** (१) प्रत्येक पसल, उद्योग, फर्म, कम्पनीमा निम्न अनुसारको स्टिकर अनुगमन पश्चात सबैले देख्ने स्थानमा टाँस गरिनेछ :

क. हरियो स्टिकर (गोलो भित्र “धन्यवाद”) : कुनै खरावी र कमजोरी नपाइएमा

ख. नीलो स्टिकर (गोलोभित्र सच्याउनुपर्ने विषय उल्लेख गरी)

ग. पहेंलो स्टिकर (गोलोभित्र चेतावनी)

घ. रातो स्टिकर (गोलोभित्र व्यवसाय बन्दको जानकारी)

ङ. सेतो स्टिकर (गोलोभित्र दर्ता प्रक्रियामा सामेल हुनुहोला) दर्ता नगरी सञ्चालन गरिएका उद्योग व्यवसायहरुको हकमा

(२) कारबाही भई पुनः व्यवसाय संचालन गर्न अनुमति भएमा वा पुनः अनुगमनका क्रममा त्रुटि सच्याएपश्चात् स्टिकरको रंग बदल्न सकिने छ।

## परिच्छेद-४

## थोक तथा खुद्रा मूल्य सूची र मूल्य निर्धारण समिति सम्बन्धी व्यवस्था

**२०. थोक तथा खुद्रा मुल्य सूची सम्बन्धी व्यवस्था :** (१) बजारमा बिक्रीमा राखिएका फलफूल, तरकारी, गल्ला किराना, कस्मेटिक सामानको अनिवार्य मूल्य सूची सार्बजनिक गरेर मात्र बेचबिखन गर्न पाइनेछ। मूल्य सूची नराखी बेचबिखन गरेको पाइएमा यसै ऐन अनुसार दण्ड जरिवाना हुनेछ।

(२) मूल्य सूची अवधि : देहायको पसलमा देहाय बमोजिमको मूल्य सूची राख्ने समयसीमा निर्धारण गरिएको छ :

१. सागसब्जी तथा फलफूलको प्रत्येक ३/३ दिनमा,

२. गल्ला किराना पसल प्रत्येक ७/७ दिनमा

३. कस्मेटिक सामानमा बस्तुको मूल्य स्टिकरमा राखी बिक्री गर्नु पर्नेछ।

४. एक दामको पसलमा एक लटमा खरिद भएका सामान विक्री पश्चात् पुनः मूल्य निर्धारण गर्नु पर्नेछ।

**२१. मूल्य सूची निर्धारण समिति :** (१) बिक्रीमा राखिएका माल सामानको बिक्रीका मूल्य निर्धारण गर्न देहाय बमोजिमको प्रतिनिधित्व हुनेगरी मूल्य सूची निर्धारण समिति गठन गरिने छ :

(क) फलफूल तरकारीका लागि

| | |
|---|---|
| संयोजक | तरकारी, फलफूलको थोक बिक्रेता मध्येबाट १ जना |
| सदस्य | तरकारी, फलफुलको खुद्रा बिक्रेता मध्येबाट १ जना |
| सदस्य | उद्योग व्यापार संघ वा निजी क्षेत्रले तोकेको १ जना |

सदस्य उपभोक्ता मध्येबाट १ जना

सदस्य सचिब गाउँ कार्यपालिकाले तोकेको कृषि विकास शाखाको कर्मचारी १ जना

ख) गल्ला किरानाको लागि

संयोजक थोक बिक्रेता मध्येबाट १ जना

सदस्य खुद्रा बिक्रेता मध्येबाट १ जना

सदस्य उद्योग व्यापार संघ वा निजी क्षेत्रले तोकेको प्रतिनिधि (गाउँपालिका स्तरीय संघ नभएमा जिल्ला संघले तोकेको गाउँपालिका भित्रको सदस्य) १ जना

सदस्य उपभोक्ता मध्येबाट १ जना

सदस्य सचिब गाउँ कार्यपालिकाले तोकेको प्रशासन शाखाको कर्मचारी १ जना

ग. कस्मेटिक सामान र एक दामको सामानको लागि बिक्रेता स्वयम्ले बिल अनुसार मूल्य स्टिकर टाँस गर्नुपर्नेछ ।

घ. खास खास बेलामा मात्र मूल्य निर्धारण गर्नुपर्ने पसल, जस्तै माछा, मासु, अण्डा, बिक्रीका लागि

१. खसीको मासु, कुखुराको मासु, राँगा भैसीको मासु, बंगुरको मासु र माछाको लागि

संयोजक माछा मासु बिक्रेता मध्येबाट १ जना

सदस्य उद्योग व्यापार संघ वा निजी क्षेत्रको प्रतिनिधि १ जना

सदस्य सम्बन्धित विषयको विज्ञ सदस्य १ जना

सदस्य : उपभोक्ता मध्येबाट १ जना

सदस्य सचिब गाउँ कार्यपालिकाले तोकेको पशु सेवा शाखाको कर्मचारी १ जना

(२) उपर्युक्त समितिले निर्धारण गरेको मूल्य सार्वजनिक रुपमा सबैले देख्ने गरी बोर्डमा लेख्नु पर्नेछ । त्यसको एक प्रति गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

**२२. मूल्य सूची निर्धारण समितिको काम, कर्तव्य र अधिकार :** (१) मूल्यसूची निर्धारण समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसार रहेको छ :

(क) मूल्य सूची राखे नराखेको निरीक्षण गर्ने ,

(ख) मूल्य सूची निर्धारण गर्ने,

(ग) मूल्य सूची नराखेको भए राख्न लगाई नियमित गर्ने,

घ) विक्रेता आफैले मूल्य सूची टाँस्न पाउने कस्मेटिक र एक दरका पसलमा सामानको विल अनुसार निश्चत नाफा राखी मूल्य सूचीको स्टिकर टाँसे नटाँसेको निरीक्षण गर्ने । साथै सोही बमोजिम स्टिकर टाँस्न लगाउने ।

ङ) स्टिकर नटाँसेमा सचेत गर्ने र सो कार्य पुनः दोहोऱ्याएमा कारबाहीका लागि गाउँपालिकामा सिफारिस गर्ने ।

**२३) मूल्य सूची निर्धारण समितिको कार्यकाल :** (१) मूल्य सूची निर्धारण समितिको कार्यकाल २ वर्षको हुनेछ ।

(२) गाउँपालिकाले आवश्यक ठानेमा एक कार्यकाल थप गर्न सक्नेछ ।

(३) शाखाका कर्मचारी वा निजी क्षेत्रका सदस्य परिवर्तन भएमा परिवर्तन भएर आएको सोही पदको नयाँ व्यक्तिलाई गाउँपालिकाले सदस्यको रुपमा चयन गर्ने छ ।

## परिच्छेद-६

## दण्ड सजाय र पुनरावेदन

**२४. दण्ड सजायः** (१)कुनै पनि व्यापारी, कम्पनी, फर्म, क्लिनिक, अस्पताल, उद्योग आदिलाई देहायको अवस्थामा देहाय बमोजिमको दण्ड सजाय हुनेछ :

क. दर्ता अनुमति नलिई फर्म कम्पनी पसल वा अन्य व्यवसाय सञ्चालन गरेमा पहिलो पटकमा रु. २५००/-

ख. दर्ता अनुमति नलिई उद्योग सञ्चालन गरेमा रु. १०,०००/-

ग. तोकिएको स्थानमा वा अनुमति लिएको स्थानभन्दा अलग स्थानमा व्यवसाय गरेमा रु. १,५००/-

घ. म्याद नाघेको उपभोग्य तथा व्यवसायिक सामान बिक्री गरेमा,

१. पहिलो पटक : सचेत पत्र

२. दोस्रो पटक भए रु.१,००/- देखि रु. १०,०००/- सम्म व्यवसायको प्रकृति हेरी जरिवाना

३. पुनः दोहोयीएरमा दर्ता खारेजी । (दर्ता खारेजीमा परेका व्यवसायलाई पुनः सोही प्रकारको व्यवसाय सञ्चालन अनुमति दिइने छैन)

ङ. गुणस्तरहीन खाद्य पदार्थ बिक्री गरेमा :

१. पहिलो पटक सचेत पत्र

२. दोस्रो पटक भए रु. १,०००/- देखि रु. १०,०००/- सम्म व्यवसायको प्रकृति हेरी जरिवाना

३. पुनः दोहोरिएमा दर्ता खारेजी । (दर्ता खारेजीमा परेका व्यवसायलाई पुनः सोही प्रकारको व्यवसाय सञ्चालन अनुमति दिइने छैन )

च. अनुमति प्राप्त भन्दा अन्य औषधि बिक्रीगरेमा,

१. पहिलो पटक रु. ५,०००/-

२. दोस्रो पटक भए रु. २०,०००/-

३ तेस्रो पटक भए दर्ता खारेजी

४. नेपाल सरकारले प्रतिवन्ध लगाएका, लागू औषध घोषणा गरेका औषधि मान्यताप्राप्त स्वास्थ्यकर्मी वा चिकित्सकको लिखित प्रेस्क्रिप्सन विना बिक्री गरेमा प्रचलित कानुन बमोजिम कारवाही गर्न नेपाल प्रहरी र अन्य सम्बन्धित निकायमा समन्वय गर्ने ।

छ.. खाद्य पदार्थमा अखाद्य पदार्थ मिसाई विक्री गरेमा वा मानव स्वास्थ्यका हिसाबले मिसावट गर्न नहुने पदार्थ मिसावट गरी विक्री गरेमा :

१. पहिलो पटक सचेत गराउने

२. दोस्रो पटक भए मिसावटको अवस्था, मानव सेवा स्वास्थ्यको प्रतिकूलता हेरी रु. १,०००/- देखि रु.१०,०००/- सम्म व्यवसायको प्रकृति हेरी जरिवाना गर्ने

३. तेस्रो पटक भए रु. १५,०००/- जरिवाना गर्ने

४. चौथो पटक भए पसल, उद्योग, व्यवसाय दर्ता खारेजी गर्ने

ज. अनुसूची ३ मा उल्लेख भए वमोजिम खाद्य पदार्थमा अखाद्य बस्तु मिसाई बेचविखन गरेमा :

१. पहिलो पटक सचेत पत्र

२. दोस्रो पटक भए रु. १,०००।- देखि रु. १०,०००/- सम्म व्यवसायको प्रकृति हेरी जरिवाना

३. तेस्रो पटक दर्ता खारेजी

झ. बध गरी बिक्री गर्न निषेधः गाई, गोरु, कुकुर, बिराला, बाँदर, स्याल र सङ्घीय कानूनले निषेध गरेका र संरक्षणको सूचीमा राखिएका पशुपंक्षी, जलचरहरु वध गरेर बिक्री वितरण गरेमा प्रचलित कानून बमोजिम कारबाही चलाउन प्रहरीलाई लेखी पठाउने ।

ञ. मूल्य सूची नराखेमा :

१ पहिलो पटकमा सचेत गराउने

२ दोश्रो पटक जरीवाना रु. १०००/-

३ तेश्रो पटक जरीवाना रु. ३०००/-

४. तीन पटक जरीवाना गर्दा समेत अटेर गरेमा दर्ता खारेजी सम्बन्धी प्रक्रिया सुरु गरी गाउँपालिकामा सिफारिस गर्ने

ट) सजाय गर्नुअघि दफा १८ बमोजिम अनुगमन समितिले खडा गरेको मुचुल्कामा उल्लिखित बस्तुहरुको जाँच वा प्रमाण राखिएकोमा जाँच भई आएको कागज प्रमाण र बस्तुलाई समेत आधार बनाउनु पर्नेछ ।

ठ) जरीवाना गर्नु अगाडि सचेत गराउनु पर्नेछ र सचेत गर्दा पनि अटेर गरे माथि उल्लेख भए बमोजिम मूल्य निर्धारण समितिले जरीवाना गर्नु अगाडि स्पष्टीकरण सोधी सफाइको मौका दिइनेछ ।

ड) दर्ता खारेज गर्नुपर्ने देखिएमा एक पटकको लागि गाउँपालिकाले दफा २४(१) ख बमोजिम जरिबाना गरी व्यवसाय संचालन गर्न अनुमति दिइनेछ । तर पुनः सो कार्य दोहोरिएमा दर्ता खारेजी गरी पुनः सोही प्रकारको व्यवसाय गर्न अनुमति दिइने छैन । जरीवाना वा दर्ता खारेज गर्नुपर्दा गाउँपालिकाले सफाइको मौका दिनु पर्नेछ ।

**२५. अनुगमन समितिलाई कारवाही :** (१) देहायको अवस्थामा अनुगमन समितिलाई कारवाही हुनेछ :

क. अनुचित लाभका लागि कसैसँग नगद जिन्सी लिएको पाइएमा,

ख. गोप्य राख्नुपर्ने कुनै पनि सूचना चुहावट गरेमा,

ग. अधिकार क्षेत्रभन्दा बाहिरको काम गरेमा,

घ. दुःख दिने र बदलाको भावनाले काम गरेमा,

२) कारबाही गर्नु अघि सफाइको मौका दिइनेछ ।

**२६. सजायका प्रकार र सजाय गर्ने निकाय :** (१) सचेत गराउने दफा २४ (१) झ बमोजिम अनुगमन समितिले गर्नेछ ।

(२) दण्ड जरिवाना र दर्ता खारेजी गाउँ कार्यपालिकाले गर्नेछ ।

**२७ कारबाही प्रकृया:** (१) अनुगमन समितिले लिखित रुपमा सचेत गराउने वा स्टिकर टाँस्ने कार्य गर्न सक्नेछ । सो कार्य गर्दा स्पष्टीकरण सोधिरहनु पर्ने छैन । तर सचेत गराउदा पनि अटेर गरेमा लिखित स्पष्टीकरण सोधी थप कारबाहीको लागि गाउँपालिकामा सिफारिस गर्नुपर्नेछ ।

(२) दण्ड जरीवाना वा दर्ता खारेजी सम्बन्धी सजाय भने गाउँपालिकाले मात्र गर्न पाउनेछ । तर सजाय गर्नुभन्दा अगाडि सुनुवाइको मौका प्रदान गर्नुपर्नेछ । सजाय गर्दा अनुगमन समितिका प्रतिवेदन र रायलाई समेत अधार बनाएर मात्र गाउँपालिकाले सजाय गर्नुपर्नेछ ।

३) उपदफा २४(१) झ को हकमा सोही बमोजिम हुनेछ ।

**२८ पुनरावेदन सम्बन्धी व्यवस्था:** (१) अनुगमन समितिले सचेत गर्ने गरी टाँसेको स्टिकर, दिएको सचेत पत्र वा उपदफा २४ (१) झ बमोजिम गरिएको जरिवाना निर्णय उपर गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(२) गाउँपालिकाले गरेको निर्णय उपर गाउँसभाद्वारा गठित ३ सदस्यीय पुनरावेदन समिति समक्ष ३५ दिनभित्र पुनरावेदन गर्न पाउने छ । पुनरावेदन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**२९. नक्कल दिनुपर्ने:** कारबाही सम्बन्धी निर्णय मिसिल सरोकावालाले माग गरेमा प्रति पाना रु २०/- का दरले दस्तुर लिई नक्कल दिनु पर्नेछ ।

## परिच्छेद-७
## विविध

**३०. कुनै पनि कम्पनी, फर्म, व्यवसाय आदिले कर चुक्ता प्रमाणपत्र लिए पश्चात् सोको प्रतिलिपि गाउँपालिकामा पेश गरी नवीकरण गर्नुपर्नेछ ।**

**३१. खारेजी र बचाउः** (१) यो नियम लागू हुनुभन्दा अगाडि व्यापार व्यवसाय सञ्चालनमा रहेका व्यवसायहरु यही ऐन अनुसार भए गरेको मानिने छ ।

(२) सो बमोजिम भए गरेको काम कारवाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

**३२. नियम निर्देशिका बनाउन सक्ने :** यस ऐनको अधिनमा रहि गाउँपालिकाले नियम, निर्देशिका, कार्यविधि बनाउन सक्नेछ ।

अनुसूची १

(दफा १३ (६) सँग सम्बन्धित)

**मरिण गाउँपालिका, कपिलाकोट सिन्धुली**

## बजार अनुगमन फाराम

| |
|---|
| व्यवसायको नाम : |
| ठेगाना : |
| बिक्रेता : |
| व्यवसायको किसिम : |
| अनुगमनको मिति र समय : पहिलो/दोस्रो/तेस्रो |
| अनुगमनका क्रममा प्राप्त सुधारात्मक पक्षहरु<br>●<br>●<br>●<br>●<br>●<br>● |
| अनुगम पश्चात्को सुझाव : |
| प्रदान गरिएको स्टिकर : |
| अनुगमनको प्रकार : |

यो अनुगमन मेरो उपस्थितिमा भएको हो । उपरोक्त विवरणको अनुगमन कसैको दवाव वा प्रलोभनमा नगरी स्वतन्त्र रुपमा गरिएको छ ।

अनुगमनकर्ताको नाम थर :

हस्ताक्षर :

प्रोप्राइटरको नाम थर, ठेगानाः

सम्पर्क नं.:

हस्ताक्षर

मिति :



मरिण गाउँपालिका

अनुसूची : २

अनुगमन मुचुल्का

............ प्रदेश, .................... जिल्ला, ................................. गाउँपालिका/नगरपालिका निवासी श्री ........................... को नाति श्री..............................को छोरा/ छोरी/ पत्नी बर्ष..............का श्री ........................................... ले मरिण गाउँपालिका, वडा नं. ...... मा सञ्चालन गर्नुभएको फर्म/पसल/उद्योग/व्यवसायको मरिण गाउँ कार्यपालिकाद्वारा गठित बजार अनुगमन समितिले मिति ................ गतेका दिन अनुगमन गर्दा तपशिल अनुसारको कैफियत देखिन आएकोले यो मुचुल्का उठाइएको छ । देखिएका कैफियतहरु यथासमयमा सुधार गर्ने निर्देशन गरिन्छ । यो मुचुल्का मेरो उपस्थितिमा उठाइएको हो । यसमा लेखिएको विवरण झुठ्ठा छैन ।

अनुगमनमा देखिन आएका कमी कमजोरी र त्रुटिहरु

१

२

३

अनुगमन समितिको तर्फबाट

दस्तखत

नाम थर :

ठेगाना :

व्यवसायको नाम :

व्यवसायको ठेगाना :

दस्तखत:

सम्पर्क नं.:

अनुगमन समिति सदस्यहरु

१)

२)

३)

४)

५)

अनुसूची ३

(दफा २४ (१) को छ सँग सम्बन्धित

## मिसावट गर्न प्रतिवन्ध

देहायमा उल्लेख भए अनुसार कसैले पनि जुन सुकै कामको लागि मिसावट गर्न प्रतिबन्ध हुनेछ :

क) नौनी वा खारेको घिउमा वनस्पती घिउ वा अन्य त्यस्तै बस्तु मिसाउन

ख) तोरी तेलमा आलस, चिउरी, पाम आदिको तेल मिसाएर बेच्न,

ग. मिठाइ ,पकौडा, पापड, जेरीमा अखाद्य रंग मिसाएर बेच्न,

घ) म्याद नाघेका विषादी औषधी, सेम्पु, पेय पदार्थ पुनः प्याक गर्न वा पुनः मिसावट गरी प्याक गर्न

ङ) खसी बोकाको मासुमा बाख्राको मासु वा अन्य मासु मिसाई बिक्री गर्न

च) बेसारमा पिठो र अन्य अखाद्य धुलो मिसाएर बेच्न

ज) दुधमा पाउडर दूध र मैदा घोलेर बेच्न

झ) पुरानो गेडागुडीमा नयाँ मिसाएर बेच्न

ञ) दूधमा पानी मिसाएर बेच्न

ट) चामलमा ढुंगा तथा अन्य अखाध्य बस्तु मिसाएर बेच्न

ठ) गुणस्तरीय प्रमाणित बस्तुहरुमा गैरगुणस्तरीय अप्रमाणित बस्तु मिसाएर बेच्न ।

**आज्ञाले**
**विमर्स मुक्तान**
**अध्यक्ष**